दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १३९ | बुटवल | २०८२ जेठ ०२, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday May.16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



गणतन्त्र दिवस २०८२ भव्य रुपमा मनाऔं।
गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमकोआयोजना गरौं।
लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं।
लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाऔं।
नेपाल सरकार विज्ञापन बोर्ड


# लुम्बिनीका जिल्लाहरूमा साइवर अपराधविरुद्ध घटना दर्ता बढ्दै

**आचार्य प्रदीप**
*बुटवल*

बुटवल उप-महानगरपालिका १९ अन्तरगत एक विद्यालयकी ३१ वर्षीया शिक्षिका कविता(नाम परिवर्तन) सामाजिक सञ्जाल फेसबुकमा चिनजान भएको २७ वर्षीय पुरुष साथी दिपक(नाम परिवर्तन)सँग खाजा खान रेस्टुरेण्टमा भेट्छिन्। चिनजान र कुराकानीको आधारमा भेट भएका उनीहरु  खाजा खाएपछि दिपकले कवितालाई सम्झनाको लागि भन्दै चुम्मन गर्न कर लगाएर फोटो खिच्छन्।

आफू शिक्षक भए पनि साथीलाई विश्वास गर्दै कविता रेस्टुरेण्टबाट फर्किन्छिन्। त्यसको केही दिनसम्म त्यो फोटो देखाउँदै आफूसँग नग्न भिडियो समेत रहेको दाबी गर्दै आफूलाई ३-४ लाख रकम दिन भन्दै धम्की दिन्छन्।

दिपकले आफूले मागेको रकम आफूलाई नदिएमा फोटो र भिडियो भाइरल बनादिने धम्की दिनथालेपछि कविताले आफ्नो आर्थिक अवस्था मध्यम रहेको र आफूले कुनै पनि रकम दिन नसक्ने भएको बताउँदै ब्ल्याकेमल नगर्न आग्रह गर्छिन्।  तर दिपकले मान्दैन्। उल्टै दिपकले कविताको श्रीमानलाई ह्वाटसपमा फोटो पठाउँदै भिडियो समेत रहेकोले रकम छिटो पठाउन धम्की दिन्छन्।

केही समययमा पोर्चुगलमा रहेकी कविताकी आफन्तलाई समेत फोटो पठाएपछि कविता र कविताको श्रीमान रकम दिन तयार हुँन्छन्। एक त शिक्षिका र विवाहित भएकोले समाजको इज्जतको डरले ४ महिनामा ४ पटक गरी १ लाख ६९ हजार रकम दिपकको खातामा राखिदिन्छन्। र चौथो पटकपश्चात् अब रकम पठाउन नसक्ने बताएपछि पैसा पठाउन नरोके दिपकले सामाजिक सञ्जालमा नै सार्वजनिक गरिदिने धम्की दिन्छन्।

पटक पटक रकम दिए पनि अझैं ब्ल्याकमेलिङ नरोकिएपछि कविताले इलाका प्रहरी कार्यालय बुटवलमा उजूरी दिन्छिन्। गुल्मी घर भएका दिपकलाई प्रहरीले नियन्त्रणमा लिएर सबै रकम फिर्ता तथा फोटो डिलिट गर्नुका साथै भिडियो नभएको समेत प्रष्ट पारि जिल्ला अदालतबाट अदालती प्रक्रिया अघि बढेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी ईन्द्र रानाले बताए।

उनले भने-'अहिले नजिकको प्रहरी कार्यालयबाट साईवरका घटनाको बारेमा अनुसन्धान हुने गरेको छ। यसले घटना दर्ता केही बढेका छन्। अझैपपिन अधिकांश घटनामा केन्द्रीय साईवर अपराध ब्युरोमै दर्ता हुने गरेको छ।'

आर्थिक वर्ष २०८०/०८१ बाट विद्युतीय साईवर अपराधसम्बन्धी घटना जिल्ला प्रहरी कार्यालयहरुमा चल्ने गरेसँगै लुम्बिनी प्रदेशका जिल्लाहरुमा घटना दर्ता बढ्न थालेका छन्। साइवर अपराध अनुसन्धान ब्युरो काठमाडौंबाट मात्रै साइवर अपराधका विषयमा घटना दर्ता गर्ने र गतिविधि हुँदा ससस्या भोगीरहेका स्थानीय आफ्नै जिल्ला प्रहरीबाट दर्ता हुँदा घटनाहरु बाहिँरिँदै आएका छन्।

**लुम्बिनी प्रदेशमा साइवर अपराधको जिल्लागत अवस्था**




प्रदेश प्रहरी कार्यालय दाङका सूचना अधिकारी डीएसपी तुल्सीराम अर्यालले जिल्लागत रुपमा घटना दर्ता हुन थालेपछि साईवर अपराधसम्बन्धी घटनाहरु दर्ता हुनेक्रम बढिरहेको बताउँछन्। उनले आ.व २०८०/०८१ बाट विद्युतीय अपराधसम्बिन्ध मुद्दा जिल्ला प्रहरी कार्यालयहरुमा चल्ने गरेको बताउँदै यसले घटना लुकाउनेभन्दा पनि दर्ता गरेर अनुसन्धान हुनेक्रम बढ्न थालेको बताए।

उनले अझैं दुईवटा आर्थिक वर्ष नसकिरहेको अवस्थामा पनि ४१ वटा घटना दर्ता भएको बताए। उनका अनुसार साइवर अपराधसम्बन्धि मुद्दामा अधिकांश पुरुष रहेको बताउँदै युवा पुरुषहरु रहेका छन्। उनले भने - 'करिब २ वर्षको अवधिमा लुम्बिनीका १२ जिल्लामा ४१ वटा घटना दर्ता भएका छन्। विद्युतिय अपराधसम्बन्धी मुद्दामा अधिकांश पुरुष रहेको जसको उमेर समूह २०- ३० रहेको छ।' यसअन्तरगत मुख्य रुपमा कसुरको प्रकृति हेर्दा  सामाजिक सञ्जाल दुरुपयोग र अनलाइन ठगीहरु बढिरहेको उनले बताए।

**यस्तो छ जिल्लागत अवस्था**

लुम्बिनीका दुई जिल्लामा साइवर अपराधसम्बन्धि घटना दर्ताको अवस्था उच्च रहेको छ भने तीन जिल्लामा शून्य रहेको छ। आर्थिक वर्ष २०८० /०८१ मा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्मको तथ्यांक हेर्दा सबैभन्दा धेरै दाङमा घटना दर्ता भएको प्रहरीले जनाएको छ। गत आवमा १३ वटा दर्ता भएको यहाँ यो वर्ष भने कुनै घटना दर्ता नभएको प्रहरीले जनाएको छ।

यस्तै रुपन्देही जिल्ला दोस्रो नम्बरमा रहेको छ। यहाँ दुई वर्षको तथ्यांक हेर्दा १२ वटा घटना दर्ता भएको छ। यहाँ गत आवमा ९ वटा दर्ता भएकोमा अहिले ३ वटा घटना दर्ता भएका छन्।

» *बाँकी ३ पेजमा*

## टेरामक्स खरिद प्रकरणमा पूर्वमन्त्री बस्नेतविरुद्ध मुद्दा

बुटवल। टेरामक्स प्रविधि खरिदमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वमन्त्री मोहनबहादुर बस्नेत सहित १६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ। अख्तियारले उनीहरूमाथि ३ खर्ब ५१ करोड रुपैयाँ बिगो मागदावी गरेको छ।

पूर्वमन्त्री मोहनबहादुर बस्नेतमाथि कुनै अध्ययनविना सोझै आफ्नो प्रस्तावमा टेरामक्स प्रविधि खरिदबारे निर्णय गरेको आरोप छ। स्वायत्त प्रकृतिको नेपाल दुरसञ्चार प्राधिकरणमाथि उनले बजेट तथा कार्यक्रम स्वीकृतिको क्रममा इन्टरनेशनल कल मोनिटरिङ र भीओआइपी नियन्त्रणका लागि उपयुक्त प्रणाली खरिद गर्ने भनी निर्णय गरेका थिए।

प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झामाथि कानुनी पूर्वाधार तयार नभएको अवस्थामा टेरामक्स लागू गर्न खोजेको आरोप छ। खरिदको निर्णय हुनुभन्दा पहिले भएको अध्ययनले कानुन बनेपछि मात्रै नागरिकको कल आदानप्रदान तथा डेटा खपतबारे अनुगमन गर्न सकिने राय दिएको थियो।

त्यसविपरीत झाले २१ माघ, २०७३ मा टेरामक्स खरिदको निर्णय गराएका थिए। एकपटक मात्रै वार्षिक बजेट पेश हुने भए पनि उनले पटकपटक बोर्डमा प्रस्ताव लगेको र दबाब दिएर बदनियतपूर्ण काम गरेको अख्तियारको आरोप छ।

अख्तियारले प्राधिकरणका तत्कालीन सदस्यहरू धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेतीमाथि पनि भ्रष्टाचारमुद्दा दायर गरेको छ। कानुन मन्त्रालयको सहसचिव हुँदा ज्ञवाली प्राधिकरणको बोर्डमा प्रतिनिधि भएर गएका थिए।

सर्वोच्च अदालतले माघ, २०७३ मा अदालतको अनुमतिविना व्यक्तिको कल डिटेल रेकर्ड (सीडीआर)मा अनुसन्धान गर्ने निकायहरूको पहुँच नदिनू भनी निर्देशनात्मक आदेश जारी गरेको थियो। अदालतले नै त्यसखालको आदेश दिइसकेको अवस्थामा त्यसको उलंघन हुने गरी नागरिकको कल र डेटामा पहुँच हुने गरी संलग्न गठन गर्ने निर्णयमा संलग्न भएको आरोपमा अख्तियारले ज्ञवाली र उप्रेतीमाथि भ्रष्टाचारमुद्दा दायर गरेको हो।

ज्ञवालीले अख्तियारमा गएर बयानमा आफूलाई प्राधिकरणको अध्यक्षले दबाब दिएको बताएका थिए। उप्रेतीले पनि त्यसैगरी बयान गरे पनि त्यो विश्वासिलो नदेखिएको अख्तियारको आरोप छ। दुई विज्ञ अनुपस्थित हुँदा पनि निर्णय लिएको भन्दै अख्तियारले मन्त्री मोहनबहादुर बस्नेतसहित प्राधिकरणका अध्यक्ष दिगम्बर झा, सदस्यहरू ज्ञवाली र उप्रेतीले मिलेमतो गरेको आरोप लगाएको छ।

उनीहरूलाई निर्णयकर्ता भन्दै अख्तियारले आरोपपत्रमा भनेको छ, 'निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिई मातहतका कर्मचारीहरूलाई मात्रै जिम्मेवार बनाउँदा पूरा तवरले इन्साफ हुन नसक्ने।'

अख्तियारले प्राधिकरणका अर्का अध्यक्ष पुरुषोत्तम खनालमाथि विद्युतीय खरिद प्रणाली अनपनाएको, सामान खरिदको कार्यविधि अघि बढाउनुपर्नेमा परामर्श सेवा भनी सामान खरिद गरेकोलगायतका आरोप लगाएको छ।ठेक्का पाएको भेनराइज सोलुसन्सको कार्यालय नेपालमा दर्ता भएकै अवस्थामा कमिसनका लागि उनले लोकल एजेन्ट घोषणा गर्न लगाएको आरोपपत्रमा उल्लेख छ।

अख्तियारले भनेको छ-'प्राधिकरणलाई हानी-नोक्सानी गराउने कार्यमा निज पुरुषोत्तम खनालको बदनियतपूर्ण मिलेमतो रहेको देखियो।'

प्राधिकरणका निर्देशक सुरेन्द्रलाल हाडामाथि शुरुको प्रस्तावभन्दा फरक संख्या र गुणस्तरका सामान आपूर्तिका लागि अनुमति दिएको आरोप छ। उनी त्यतिबेला पूर्वाधार महाशाखाका निर्देशक थिए।

प्राधिकरणका अर्का निर्देशक दिपेश आचार्यमाथि ठेकेदारले नै सरकारलाई कर बुझाउनुपर्नेमा त्यसो नगरी प्राधिकरणको खाताबाट भुक्तानी गरेकोमा प्रश्न उठेको हो।

उपनिर्देशक अच्युतानन्द मिश्रमाथि भीओआईपी र कल बाइपासका कारण हुनसक्ने हानी-नोक्सानी र त्यसको नियन्त्रण गर्न लाग्ने खर्चको पर्याप्त अध्ययन नगरी खरिदको सिफारिससहित टिप्पणी पेश गरेको आरोप छ। उनी त्यतिबेला खरिद इकाइको प्रमुखसमेत थिए।

अख्तियारले प्राधिकरणका निर्देशकहरू विजयकुमार राय, उपनिर्देशकहरू रेवतीराम पन्थ र हिरण्यप्रसाद बस्ताकोटीमाथि पनि मुद्दा चलाएको छ, उनीहरूमाथि बोलपत्र मूल्यांकनका क्रममा नियम मिचेर अंक दिएको आरोप छ। उनीहरूमाथि गलत प्रतिवेदन पेश गरेको आरोप छ।

अख्तियारले प्राधिकरणका उपनिर्देशक एवं लेखाका कर्मचारी सुरेश बस्नेतमाथि पनि मुद्दा चलाएको छ। उनीमाथि ठेकेदारलाई कर तिराउनुपर्नेमा प्राधिकरणबाट नै भन्सार, भ्याट तिराएको आरोप छ। अर्का उपनिर्देशक सन्दीप अधिकारीमाथि पनि त्यही प्रकृतिको आरोप छ।

अख्तियारले लेबनानको भेनराइज सोलुसन्स र त्यसका सीईओ जमल अनौटीविरुद्ध पनि भ्रष्टाचारमुद्दा दायर गरेको छ। उनीहरूमाथि झुटा विवरणका आधारमा अनुभव फेरबदल गरेको र त्यसका आधारमा ठेक्का हात पारेको आरोप छ।

भेनराइजका नेपाल प्रतिनिधि कनेक्सन ट्रेड लिंकका अध्यक्ष दिलीपकुमार गुरुङ र त्यसका सञ्चालक तेजप्रसाद खरेलमाथि गलत तरिकाले ठेक्का हात पार्न भूमिका खेलेको आरोप लगाएको छ।

अख्तियारले सबैमाथि ३ अर्ब २१ करोड रुपैयाँ बिगो मागदाबी गरेको छ।

**बस्नेतको पद निलम्बन**

प्रतिनिधिसभा सदस्य मोहन बस्नेतको पद निलम्बन भएको सूचना संसद्मा सुनाइएको छ। बिहीबार प्रवितनिधिसभाको बैठकमा सभामुख देवराज घिमिरेले यस्तो सूचना सुनाएका हुन्।

टेरामक्स खरिद गर्दा भ्रष्टाचार भएको र त्यसमा संलग्न रहेको भनेर बस्नेतविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। यही सूचना संसद् सचिवालय पुगेको थियो। उक्त सूचना समाभुख घिमिरेले सभामा सुनाएका हुन्।

## राजस्व छली आरोपमा खरेल र खनालविरुद्ध मुद्दा



**लुम्बिनी संवाददाता**
*बुटवल*

गाडीका पार्टसको आयातमा राजस्व छली गरेको आरोपमा बुटवलका दुई व्यवसायीविरुद्ध मुद्दा दायर भएको छ। शुभलक्ष्मी अटो लिंक प्रालिका प्रोप्राइटर जगन्नाथ खनाल र साझेदार दधिराम खरेलविरुद्ध राजस्व कार्यालय बुटवलले बिहीबार मुद्दा दायर गरेको हो।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधनसहितको दफा २०(६) बमोजिम मुद्दा दायर गरेको विभागका प्रवक्ता कृष्णकुमारी श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। खरेल नेपालकै ठूलो बस व्यवसायी संस्था पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष हुन् उनीहरूमाथि साना गाडीका महँगा पार्टसहरु राजस्व छलेर ल्याई बिक्री वितरण गर्ने गरेको अभियोग छ।

तिलोत्तमा ४, शुभलक्ष्मी पथका ४८ वर्षीय जगन्नाथ खनाल र तिलोत्तमा ४, नयाँ मिलका ५४ वर्षीय दधिराम खरेलले सञ्चालन गरेको वर्कसप र गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गरी बिल बिजक, खरिद खाता, बिक्री खातालगायत अन्य आवश्यक कागजातहरू तथा मालवस्तुको भौतिक गणना गरी विश्लेषण गर्दा उक्त फर्मको मौज्दात किताबमा प्रविष्टि गरे बमोजिमको परिमाण भन्दा भौतिक निरीक्षणबाट प्राप्त परिमाण बढी देखिएको तथा केही मालवस्तुको परिमाण मौज्दात किताबभन्दा कम देखिएको तथ्य कार्यालयले दर्ता गरेको मुद्दामा उल्लेख छ।

त्यसैगरी प्रतिवादीहरूले प्रस्तुत फर्मका नाममा मालवस्तु खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगरेको, बिजक नै जारी नगरी मालवस्तु बिक्री गरेको,  बिक्री भएको मालवस्तुको अभिलेख बिक्री खातामा प्रविष्टि नगरेको अअनुसन्धानमा पाइएको विज्ञप्तिमा उल्लेख छ।

पेश गरेको मौज्दात विवरणभन्दा धेरै मालवस्तु गोदामबाट फेला पर्नु, बढी फेला परेको मालवस्तुको खरिद तथा भन्सार पैठारी गरेको कुनै निस्सा प्रमाण निजसँग नहुनु तथा कारोबार छल्ने उद्देश्यले न्यून बिक्री देखाई राजस्व चुहावट कसुर गरेको पुष्टि भएकोले ७२ लाख ११ हजार तीनसय रुपैयाँ बिगो कायम गरी बिगोको शतप्रतिशत जरिवाना गरी एक करोड चौवालीस लाख बाईस हजार छ सय असुल उपर गरी हदैसम्मको कैद सजायको मागदाबी गर्दै उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको राजश्व कार्यालय बुटवलका प्रमुख विवेक घिमिरेले जानकारी दिएका छन्।


रामपुर नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं
- वन, वातावरण, वन्यजन्तु र  सार्वजनिक सम्पत्तिको संरक्षण गरौं
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं
- पानी उमालेर मात्र पिउने गरौं
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं
- सबैखालका विभेदको अन्त्य गरौं
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं

अनुरोधक :
रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाल्पा,रामपुर लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## बढ्दो बेरूजू: वित्तीय अनुशासनको कमी

नेपालमा वर्षेनी बढ्दै गएको बेरुजूको दरले वित्तीय अनुशासनमा नेपाल अझै कमजोर अवस्थामा रहेको देखिएको छ। महालेखा परीक्षकको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनले सरकारी निकायको बेरुजू ७ खर्ब ३३ अर्ब रुपैयाँ पुगेको देखाएको छ। आव २०८०/८१ मा ९१ अर्ब ५९ करोड रुपैयाँ बेरुजू थपिएको छ। ६१औं प्रतिवेदनमा ६ खर्ब ६९ अर्ब ८६ करोड बेरुजू कायम भएको थियो। सरकारी कारोबारमा हरेक वर्ष बेरुजू बढ्दै जानु सुशासनका लागि चुनौतीपूर्ण अवस्था हो। सुशासन कायम गराउन सरकारी कोष सञ्चालन गर्ने सम्बद्ध सबै पदाधिकारीलाई थप जिम्मेवार र जवाफदेही बनाउने सन्दर्भमा महालेखा परीक्षकको भूमिका महत्वपूर्ण हुन्छ। बढ्दो बेरुजू घटाउन र आर्थिक अनुशासन कायम गर्न र वित्तीय उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीहरू अझ बढी जिम्मेवार र जवाफदेही बन्नु आवश्यक छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा पहिलो त्रैमासिक अवधिमा ११ अर्ब ६४ करोड ७ लाख रुपैयाँ (कूल रकमान्तरको ४.५४ प्रतिशत) रकमान्तर हुनु आर्थिक अनुशासन उल्लंघन हो। बजेट वक्तव्यमा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट राष्ट्रिय गौरवका आयोजनाबाहेक अन्यत्र रकमान्तर गर्न नपाइने उल्लेख भएकोमा ८ राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेटबाट ५ अर्ब २८ करोड ५० लाख रुपैयाँ राष्ट्रिय गौरव बाहेकका अन्य आयोजनामा रकमान्तर गरिएको प्रतिवेदनमा उल्लेख छ। स्थानीय तहहरूले ऐनविपरीत पदाधिकारीको अतिरिक्त सुविधामा १४ करोड ६ लाखभन्दा बढी रकम खर्च गरेको पाइएको छ। स्थानीय तहहरूले ऐनविपरीत चाडपर्व खर्च, पोशाक भत्ता, यातायात खर्च र इन्धनलगायतका सुविधा लिनु पनि आर्थिक अनुशासन उल्लंघन हो। प्रदेशसभाले जारी गरेका कानुनअनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले मासिक सुविधा मात्र पाउने व्यवस्था छ।

बेरुजू कम गर्न खरिद प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र मूल्य यथार्थता कायम गर्न ऐन संशोधन गर्नुपर्ने देखिन्छ। 'डिजाइन एन्ड बिल्ड' विधिबाट हुने खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था कानूनमै स्पष्ट गर्नुपर्ने उल्लेख छ। यसबाहेक, सम्झौता र कार्यतालिकाअनुसार काम नगर्ने निर्माण व्यवसायी र कर्मचारीलाई जिम्मेवार बनाउनुपर्छ। खरिद सम्झौताको म्याद थप गर्दा वस्तुनिष्ठता र तथ्यमा आधारित मूल्यांकन अनिवार्य गर्नुपर्छ। एउटै प्रकृतिको कामलाई टुक्राएर सोझै खरिद गर्ने र अनुमानयोग्य काममा यथार्थ लागत अनुमान नगरी भेरिएसनको बहानामा थप काम गराउने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ। भन्सार विन्दुमा घोषणा गरिएको मूल्यलाई आधार मानेर महसुल, कर, ढुवानी, लगानी आयजस्ता खर्च जोडी मालसामान खरिद गर्न मिल्ने कानूनी व्यवस्था आवश्यक छ।

त्यस्तै, प्रतिस्पर्धा नगरी वार्षिक मर्मत सम्भार सम्झौता गर्नुपर्ने सेवा खरिदमा खरिदकै बेला त्यसको स्पष्ट जानकारी राखी प्रतिस्पर्धा गराइनुपर्छ। प्रोप्राइटरी सामान खरिद गर्दा चाहिने मुख्य र सहायक सामग्रीको परिमाण, मूल्य र अवधिसमेत स्पष्ट गरी लागत अनुमान तयार गरेर प्रतिस्पर्धा गराउनु पर्छ। सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग तथा खरिद प्रक्रियामा पारदर्शिता कायम गर्न नीति निर्माणदेखि कार्यान्वयन तहसम्म सुधार आवश्यक छ। परामर्श सेवामाहुने ठूलो खर्च नीतिगत भ्रष्टाचार हो। यसलाई रोक्न पनि उत्तिकै जरुरी छ। सम्भाव्यता अध्ययन, डिजाइन, गुरुयोजना तयार तथा निर्माण सुपरिवेक्षण गर्ने कार्यको लागि विभिन्न कार्यालयले परामर्श सेवाअन्तर्गत उक्त आर्थिक वर्षमा ४ अर्ब ५१ करोड ३६ लाख खर्च हुनु विडम्बना हो। बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जा कार्यक्रममा पनि अनियमितता हुने गरेकाले रोक्न जरुरी छ।

# अन्तर साम्राज्यवादी द्वन्द्वको नयाँ मोड



विनबहादुर कुँवर

भारतीय विशेषता हो। पहिलेको भारत-चीन युद्धमा यसैगरी तत्कालीन प्रधानमन्त्री नेहरुले भनेका थिए-भारतीय सेना बहादुरीका साथ पछि हट्दैछ। अर्थात् भाग्नु पनि बहादुरिताका साथ। ठीक त्यस्तै अहिले पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बहादुरीताका साथ भारत-पाक युद्धको अन्त्यको घोषणा गरेका छन्। अन्ततः साम्राज्यवाद एउटा कागजी बाघ मात्रै हो भन्ने क. माओको भनाइलाई यो भारत-पाक युद्धले पनि पुष्टि गरेको छ।

गत बैशाख २३ देखि २६ गतेसम्म चलेको भारत-पाकिस्तानबिचको युद्ध अचानक एकाएक रोकिएको छ। यसले धेरैलाई आश्चर्यचकित पारेको छ। भारतीय युद्धको हुँकारलाई पाकिस्तानले प्रतिवाद त गऱ्यो, तर यसरी एकाएक भारत त्यसबाट पछि हल्ला भन्ने अनुमान कसैको पनि थिएन, यतिसम्मकि भारतीय मिडिया र भारतीय नेताहरुले यो भारत-पाकिस्तान युद्ध अबको अन्तिम युद्ध हो जसबाट पाकिस्तान सदाका लागि भारतसँग आत्मसमर्पण गरिरहने छ। तर यसरी एकाएक यो युद्ध रोकिनुका पछाडि पाकिस्तानको आत्मसमर्पण हो वा भारतको ? बुझ्न अलि कठिन भइरहेको छ। खासमा यसका पछाडि के छ ? केही छोटो चर्चा गरौं।

यसभन्दा पहिले यसै विषयमा हाम्रा प्रधानमन्त्री केपी ओली कमरेडको एउटा भनाइप्रति पनि केही चर्चा गरौं। बुद्ध पूर्णिमाका दिन शान्तिका अग्रदूत गौतम बुद्धको महिमा गर्दै हालै भएको भारत-पाकिस्तानबिचको युद्धलाई हात हालाहाल गरेको भन्दै त्यसका लागि आफूले वार्ताको पहलकदमी गरी दुवै पक्षलाई सहमतिमा पुऱ्याएको प्रसंग उठाउँदा धेरै चकित भए। ओहो ! यति ठूलो भारत-पाकिस्तानबिचको विवाद र द्वन्द्व अनि युद्धलाई यसरी एकाएक हाम्रा प्रधानमन्त्रीको पहल कदमीमा रोकाउन सक्नु कस्तो महानता ? त्यो पनि विश्व शान्तिका अग्रदूत गौतमबुद्धकै जन्म दिनकै अवसरमा भनिएका यस्ता कुराहरुलाई नपत्याउने पनि कसरी ? किन कि बुद्धको सन्देश नै छ-झुटो नबोल। सदा सत्य नै बोल। प्रधानमन्त्रीको यो कुराले जो कोही नेपाली पनि खुसी हुने र गर्व नगर्ने कुरै भएन। विश्व शान्तिका अग्रदूत गौतमबुद्ध जन्मेको देश नेपाल र त्यसका हालका प्रधानमन्त्रीद्वारा भारत-पाकिस्तान मात्रै होइन यो सिंगो दक्षिण एसियाकै शान्तिका लागि गरिएको यो पहलकदमीले प्रम कमरेड ओलीको मात्रै होइन नेपालकै गरिमा बढाउँछ। तर पछि बुझ्दै जाँदा त यो प्रम ओलीको एउटा जोक-मजाक मात्रै पो रहेछ, कस्तो नमज्जा।

घिरौला जत्रो ठूलो भएको सबै नेपालीहरुको नाक यसले काटि बुच्चो बनाइदियो। अपसोच ! यो कमरेड ओलीको खाली एउटा जेक र मजाक मात्रै भए खाली हल्का रमाइलोमै सीमित रहला। तर यो राष्ट्रिय मात्रै होइन अन्तर्राष्ट्रिय विषय नै बन्न गयो। विश्व शक्ति सम्पन्न राष्ट्र भारत अनि त्यसको प्रतिरोधमा उत्रिएको पाकिस्तानबिचमा युद्ध विरामका लागि सामन्जयस्ता गरी यस प्रकारको चालु युद्धलाई नै अन्त्य गराउने महत्वपूर्ण भूमिकाप्रति विश्व दुनियाँका शान्ति प्रेमी देश-जनता हाम्रा प्रम केपी ओलीप्रति यतिसम्मकि यसमा अमेरिका-चीन-रुस लगायत अन्य यूरोपियन राष्ट्रहरुले गर्न नसकेको भूमिका क. ओलीले गरेको भन्दै विश्व दुनियाँ आश्चर्य चकित हुन गयो। आखिर यो त क. ओलीको जोक र मजाक। यसको पनि एउटा सीमा र परिधि छ। त्यो नभए त्यो एउटा भद्दा लाजमर्दो मजाकमा परिणत हुन्छ। यस्तै भद्दा र लाजमर्दो मजाक प्रम ओली कमरेडबाट भएको छ। भन्नेलाई भन्दा हामी सुन्ने दुनियाँलाई लाज। जबकि भारत- पाकिस्तानबीचको यो युद्ध र यसको अन्त्यका पछाडि विश्व अन्तर साम्राज्यवादी प्रतिस्पर्धा र कुटनीतिक चलखेल नै छ। तर यसलाई आफ्नो पक्षमा पार्ने दाउ गर्दा प्रम ओली अहिले चारैतिरबाट नाङ्गिएका छन्। ठग, झुट र फन्टुसमा गनिएका छन्। लंका डोल्ने हुनमान जस पाउने ढेडु।

भारत विश्वको चौथो ठूलो महाशक्ति राष्ट्रमा गनिएको छ। दक्षिण एसियाली राष्ट्रहरुले त भारत एक नम्बर शक्ति र सम्पन्न अझ भनौं दादा राष्ट्र नै हो। छिमेकी राष्ट्र सबैलाई हप्काई-दप्काई मात्रै होइन सीमा र भूभाग नै मिच्दै र अतिक्रमण गर्दै आइरहेको छ। यसैको उपज थियो अहिलेको यो पाकिस्तान माथिको भारतीय मिसाइल क्षेप्यास्त्र हमला। सुरु सुरुमा भारतले केकेन गरे भनेर ठूलठूलो स्वरमा त्यसलाई प्रचारप्रसारमा ल्यायो। अनेकौं आतंकवादी अखडा ध्वस्त पारेको थुप्रै आतंकवादीहरु मारिएको हल्ला गऱ्यो। तर जब यसको प्रतिरोधमा पाकिस्तान उत्रियो तब भारत तिरमिरायो। पाकिस्तानी लडाकू विमानले भारतीय लडाकू विमानहरुलाई धुजाधुजा पारिदियो। एउटा मात्रै होइन पाँच पाँच वटा त्यस्ता विमान भटाभट खसालेपछि बल्ल भारतले चेत्यो अब के गर्ने ? कसलाई भन्ने र कसलाई गुहार्ने ? यी ठूला विमान मात्रै होइन पाकिस्तानले दर्जनौं साना लडाकू हेलिप्कटर अनि डोनहरु पनि खसाल्यो। भारतका विभिन्न ठाउँमा यस्ता भग्नावेश देखिएको छ। अन्ततः भारत त्यो युद्धबाट पछि हट्न बाध्य भयो। उता पाकिस्तान पनि चिनियाँहरुको सल्लाहमा युद्ध बिरामका लागि सहमतिमा पुग्यो। यो सब जे भयो राम्रै भयो। भारत-पाकिस्तानबिचको युद्ध अहिलेलाई टऱ्यो। यसले भारतीय घमण्ड र दादागिरीलाई त तोडेकै छ, त्यो भन्दा पनि बढी विश्व साम्राज्यवादबीचको अन्तरसम्बन्ध र द्वन्द्वको नयाँ मोड र यसलाई नयाँ सिराबाट व्याख्या विश्लेषण गर्नु पर्ने भएको छ।

अहिलेको विश्व पहिलो र दोस्रो विश्व युद्धकै जमानामा छैन। नयाँ नयाँ विज्ञान र टेक्नोलोजीको विकास भएको छ। पहिले जस्तै धन-पैसा, फौज, जनसंख्या र हातहतियारले मात्रै युद्ध जितिने स्थिति छैन। अबको युद्धका लागि पनि नयाँ नयाँ सीप, ज्ञान, हातहतियार र टेक्नोलोजीको आवश्यकता छ। सानै रुपमा भए पनि त्यसको प्रयोग यो भारत-पाक युद्धमा भएको छ। भारतको आक्रोस र पाकिस्तानको धैर्यता अनि भारतले प्रयोगमा ल्याएको फ्रान्सको लडाकू विमान र इजरायली हातहतियारको प्रयोग त्यसको प्रतिकारमा पाकिस्तानले प्रयोग गरेको चाइनिज लडाकू विमान र हातहतियारबीच अहिले बढी चर्चा र मूल्यांकन हुँदैछ। यो युद्धले भारतको त के विश्व प्रमुख शक्ति राष्ट्र अमेरिकाको नै होस हवास उठेको छ। जसको फलस्वरुप अमेरिकी राष्ट्रपति डोनाल्ट ट्रम्प तत्काल चीनसँग उही पहिलेकै अवस्था अनुरुप व्यापार आदान प्रदान सन्धि सम्झौता गर्न बाध्य भएका छन्। जबकि यसभन्दा पहिले एकाएक अमेरिकाले चिनियाँ मालसमानमा एक सय चालिस भन्दा बढी प्रतिशत कर भन्सार लगाउने घोषणा गरिसकेको थियो। अब बल्ल बिस्तारै अमेरिकी साम्राज्यवाद वा भनौं अमेरिकी राष्ट्रपति ट्रम्प खुम्चिदै जान थालेका छन्। एकातिर चीन-रुसबीचको गठबन्धनलाई ओझेलमा पार्न राष्ट्रपति ट्रम्प रुस-युक्रेन युद्ध अन्त्यका लागि रुस निकट देखिन थालेका छन् भने भारत-पाकको यो युद्धपछि भारत भन्दा पाकिस्तान निकट हुने संकेत देखिँदैछ।

यसरी अबको विश्व दुई विश्व साम्राज्यवाद अमेरिका र चीनबिच ध्रुवीकृत हुने देखिन्छ। रुस-भारतको हैसियत त देखि सकियो। युक्रेन युद्धले रुस र भारत-पाक युद्धले भारत यी दुवै एउटा अमेरिकी चुड्की अर्थात् एक कल अमेरिकी फोनले तत्काल उठबस गर्दो रहेछन्, छर्लङ्ग भएको छ। यो भारत- पाकिस्तानबिचको युद्धले पहिलो कुरा भारतीय विस्तारवादको घमण्ड र सेखीलाई नराम्रोसँग परास्त पारेको छ भने चिनियाँ शस्त्रअस्त्र र हतियारको नमूना परीक्षणबाट अमेरिकाको साम्रराज्यवाद समेत आतंकित भएको छ।

तर भारत भने अहिले पनि आफ्नै जितमा मख्ख छ। हारे पनि जितको बयानबाजी भारतीय विशेषता हो। पहिलेको भारत-चीन युद्धमा यसैगरी तत्कालीन प्रधानमन्त्री नेहरुले भनेका थिए-भारतीय सेना बहादुरीका साथ पछि हट्दैछ। अर्थात् भाग्नु पनि बहादुरिताका साथ। ठीक त्यस्तै अहिले पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बहादुरीताका साथ भारत-पाक युद्धको अन्त्यको घोषणा गरेका छन्। अन्ततः साम्राज्यवाद एउटा कागजी बाघ मात्रै हो भन्ने क. माओको भनाइलाई यो भारत-पाक युद्धले पनि पुष्टि गरेको छ।

# घरमै डाक्टर : बच्चाको मिर्गौला रोग कसरी थाहा पाउने ?

डा. विवेक तोदी

मिर्गौला रोग भन्ने बित्तिकै आमरुपमा युवा तथा वृद्धवृद्धालाई मात्र लाग्ने रोग भनेर बुझ्ने गरिन्छ। तर, कलिला बालबालिकालाई पनि मिर्गौलाका धेरै रोगले सताएको हुन्छ। कलिलै उमेरमा मिर्गौला फेल भएर कति बालबालिकाले अकालमा ज्यान गुमाउनु परिरहेको छ। सामान्य समस्यालाई समयमा नै उपचार नगर्दा मिर्गौलाका जटिल समस्या भोग्ने बालबालिका धेरै छन्।

मिर्गौलाको रोग भनेको 'साइलेन्ट' रोग हो। यसका लक्षण हत्तपत्त देखिँदैन। तर, जब देखिन्छ त्यो बेला ढिला भइसकेको हुन सक्छ। बालबालिकाहरुमा पटक-पटक पिसाबको संक्रमण देखिन्छ भने त्यो मिर्गौलाको समस्या हो भनेर बुझ्नुपर्छ। त्यसको समयमै उचित उपचार गराउनुपर्ने हुन्छ। बच्चामा पिसाबको संक्रमण विभिन्न कारण ले हुन सक्छ। सामान्यतया बालिकाको तुलनामा बालकलाई पिसाबको संक्रमण कम हुन्छ। तर, बालकमा पिसाबको संक्रमण देखियो भने त्यसले मिर्गौलामा समस्या निम्त्याएको हुन सक्छ।

बालकहरुलाई मिर्गौलाको बनावटमा फरक, पिसाब थैली, पिसाब नलीमा समस्या, पिसाब फर्ने बाटोका छाला पूरा नफर्किंदा, कब्जियत तथा लामो समयसम्म पिसाब रोक्ने बानीका कारण संक्रमण देखिन्छ। यस्ता समस्या देखिए तुरुन्तै उपचारमा जानुपर्छ।

यस्तै, बालिकाहरुमा भने मुत्रद्धार र गुद्धारको सरसफाइ नहुँदा संक्रमण हुने गर्छ। बालिकाहरुलाई अभिभावकले पानीले दिसा सफा गर्दा पछाडिबाट अगाडि हात ल्याएर धुनु हुँदैन। यसो गर्दा पिसाबको संक्रमण हुने खतरा रहन्छ। यसका साथै मिर्गौलाको बनावट, पिसाब नली, पिसाब थैलीको समस्याले पनि बालिकाहरुमा संक्रमण देखिन्छ।

बालबालिकामा पिसाबको संक्रमण पटक-पटक देखिए पनि एन्टिबायोटिक वा अन्य सामान्य उपचार गरेर क्षणिक रुपमा निको पार्ने गरिन्छ। तर, उक्त संक्रमण किन दोहोरिरहेको छ ? भनेर थप जाँच गरिँदैन। फलस्वरुप कालान्तरमा त्यसले मिर्गौलामा गम्भीर असर गर्ने खतरा रहन्छ। यस्ता समस्यालाई सामान्य ठानेर चुप लागेर बस्नु भनेको हाम्रा नानीबाबुहरुलाई मिर्गौला रोगको गम्भीर अवस्थामा धकेल्नु हो। बच्चाहरुमा देखिने अर्को समस्या 'नेफ्रोटिक सिन्ड्रोम' हो। पिसाबबाट प्रोटिन निस्कने समस्यालाई नेफ्रोटिक सिन्ड्रोम भनिन्छ। धेरैजसोमा यो समस्या वंशाणुगत हुन्छ। पिसाबमा प्रोटिन जाने समस्या सामान्यदेखि जटिलसम्म हुन्छ। केहीमा सामान्य औषधि चलाउँदा निको हुने खालको हुन्छ भने केहीमा पटक-पटक समस्या दोहोरिरहने, औषधिले पनि काम नगर्ने हुन सक्छ। औषधिले काम गरेको छैन भने त्यस्ता बच्चालाई मिर्गौलाको बायोप्सी गरी थप परीक्षणमार्फत उपचार प्रक्रिया अगाडि बढाइन्छ। किनभने समयमा नै प्रोटिन जाने समस्या रोकिएन भने त्यसले भित्रभित्रै मिर्गौला पूरै बिगारिसकेको हुन्छ।

बच्चाको पिसाबबाट प्रोटिन गएको छ भने उक्त बच्चा विस्तारै सुन्निँदै गइरहेको हुन्छ। पिसाबमा धेरै फिँज आउने, पिसाब कम लाग्ने जस्ता लक्षण देखिन्छन्। यस्तो समस्या आउनेबित्तिकै अभिभावकले बालबालिकालाई अस्पताल ल्याउनुपर्छ। यो समस्यामा धेरै बालबालिकालाई औषधिले नै काम गर्छ। तर, औषधि खाएको केही समयपछि पुनः दोहोरिन्छ भने मिर्गौलाको अवस्था हेरेर थप उपचार गर्नुपर्ने हुन्छ। बालबालिकामा कहिलेकाहीँ पिसाबमा रगत देखिने समस्या पनि आउँछ। यस्तो समस्या आएमा सोझै विशेषज्ञ डाक्टरलाई देखाउनुपर्ने हुन्छ। पिसाबमा रगत देखिने धेरै कारण हुन सक्छन्। तीमध्ये एउटा 'ग्लोमेरुलनेफ्राइटिस' हो। यो भनेको नै पिसाबमा रगत जाने समस्या हो। यस्तो कहिलेकाहीँ सामान्य संक्रमणबाट पनि भएको हुन सक्छ भने केहीमा मिर्गौला तथा पिसाब नलीको ठूलो समस्याका कारण हुन सक्छ। संक्रमण बाहेक रोगप्रतिरोधात्मक क्षमतामा असर हुँदा पनि यो समस्याले बालबालिकालाई पिरोल्छ।

बालबालिकाको घाँटी तथा छालामा संक्रमण देखिएको छ भने पनि त्यसको कारणले मिर्गौलामा असर पार्ने हुन सक्छ। संक्रमण भएको दुई-तीन हप्तामा मिर्गौलामा असर पुग्ने यस्तो समस्यालाई पोस्ट स्टेप्टोकल ग्लुमेरुलनेफ्राइटिस' भनिन्छ। यो समस्यामा बच्चाको पिसाबबाट प्रोटिन निस्कने, रगत आउने, रक्तचाप बढ्ने, पिसाब कम हुनेजस्ता लक्षण देखिन्छ।

उमेर पुगिसकेका बालबालिकाहरुमा ओछ्यानमा पिसाब गर्ने बानी छ भने त्यो पनि मिर्गौलाको समस्या हुन सक्छ। सामान्यतया बालबालिका तीन-चार वर्षको हुँदा ओछ्यानमा पिसाब फेर्ने समस्या रोकिने गर्छ। तर कुनै बच्चा ८-१० वर्षसम्म पनि ओछ्यानमा पिसाब गर्छ भने त्यो समस्या हो। यसलाई 'एनोरोसिस' भनिन्छ। आम मानिसमा उमेर बढ्दै गएपछि यो समस्या ठिक हुन्छ भन्ने सोच छ। तर, नियन्त्रण भएन भने त्यसले भित्र मिर्गौला बिगार्ने खतरा हुन्छ भन्ने धेरैलाई पत्तो छैन। यस्तो समस्या सामान्य संक्रमण, पिसाब थैलीमा समस्या, कब्जियतजस्ता कारणले निम्तिएको हुन सक्छ। पहिला त्यसलाई पहिचान गरेर उपचार गर्नुपर्ने हुन्छ। समयमा उपचार गरिएन भने यो समस्या भएका धेरै बच्चाको पछि मिर्गौला फेल हुने खतरा रहन्छ। साथै बच्चालाई मानसिक समस्या पनि थपिन सक्छ।

बालबालिकाहरुमा जन्मजात मिर्गौलाको समस्या पनि आउने हुन्छ। कतिपयमा जन्मदा नै मिर्गौला अन्यत्र स्थानमा हुने, एउटा मात्र हुने, नली सुन्निने, पिसाब थैलीमा समस्या हुने पनि हुन्छ। केही बालबालिकामा भने जन्मेको केही समयपछि पत्थरी हुने र मिर्गौला बिग्रने समस्या पनि देखिएको छ। यस्ता समस्याको समयमै पहिचान गरी उपचारमा जानुपर्ने हुन्छ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा आठ दशमलव ४१ अङ्कको गिरावट



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो पाँच कारोबार दिन पनि लगातार गिरावट देखिएको छ। निरन्तर घटिरहेको नेप्से परिसूचक बिहीबार आठ दशमलव ४१ अङ्कले घटेर दुई हजार ६११ दशमलव ८५ को विन्दुमा कायम भएको हो।

तीन सय २० कम्पनीको एक करोड ७४ लाख २३ हजार ९४३ कित्ता शेयर ७८ हजार ४९३ पटक खरिदबिक्री हुँदा रु सात अर्ब आठ करोड ३३ लाख ४८ हजार २४० दशमलव ६३ को कारोबार भएको हो। ८२ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ६४ कम्पनीको घटेको छ भने एउटा स्थिर अवस्थामा छ।

कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये चार समूहको मूल्य बढेको छ भने बाँकी आठ समूहको परिसूचक घटेको छ। होटल समूहको परिसूचक सबैभन्दा बढी वृद्धि भएको छभने विकास बैंक समूहको परिसूचक सबैभन्दा बढी घटेको छ।

# सुनवल नगरपालिका सबैभन्दा बढी बेरूजु र कम सरावल पालिका

**गौरीशंकर जयसवाल**

*परासी*




पश्चिम नवलपरासीको सुनवल नगरपालिका जिल्लामै सबैभन्दा बढी बेरूजु आएको छ । महालेखा परीक्षक कार्यालयले बैशाख ३१ गते सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनमा उल्लेख्यअनुसार सुनवल नगरपालिका जिल्लामै सबैभन्दा बढि बेरूजु बनेको हो ।

नवलपरासी जिल्लामा सात वटा स्थानीय तहमध्ये सुनवल नगरपालिका सबैभन्दा बढि बेरूजु पालिका बनेको छ। सुनवल नगरपालिकाकी मेयर विमला अर्यालले सुशासन र पारदर्शिताको कुरा गरिरहँदा जिल्लामै बेरूजुमा पहिलो सुनवल नगरपालिका महालेखा परीक्षक कार्यालयले सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनमा उल्लेख्य गरेको देखिएको छ।

सुनवल नगरपालिकामा सबैभन्दा बढी अर्थात् ५ .३८ प्रतिशत बेरुजु ल्याई सातौं स्थानमा देखिएको छ। गत वर्ष ०. ८९ प्रतिशत मात्र थियो । सुनवलको यसवर्ष दुई अर्ब एक करोड ३१ लख ७१ हजारको लेखापरीक्षण गर्दा दश करोड ८३ लाख ९२ हजार रुपैयाँ बेरुजु देखिएको छ। यस्तो हेदा पालिकामा सुशासनका र पारर्दिशता कहाँ देखियो सुनवल नगरपालिकामा यतिबेला सुनवल नगरपालिका चर्चामा देखिएको छ। बर्दघाट नगरपालिकाले आ.व. २०८०/०८१ मा कुल लेखा रकम परीक्षणको १.५३ प्रतिशत मात्र बेरुजु कायम गरी नवलपरासीमा दोस्रो स्थान बेरुजु कम ल्याउन सफल भएको स्थानीय तह भएको छ। गत वर्ष १. ४८ प्रतिशत थियो।

यसवर्ष बर्दघाटको रु दुई अर्ब पन्ध्र करोड ३८ लाख १९ हजारको लेखापरीक्षण गरिएकोमा तीन करोड २९ लाख ५५ हजार रुपैयाँ बेरुजु रहेको छ । १.६४ प्रतिशत मात्र बेरुजु कायम गरी नवलपरासीमा तेस्रो स्थान बेरुजु कम ल्याउन सफल भएको सुस्ता गाउँपालिका बनेको छ। गत वर्ष १.८५ प्रतिशत रहेकोमा यसवर्ष सुस्ताको एक अर्ब १० करोड ५८ लाख ६१ हजार लेखापरीक्षण गरिएकोमा रु एक करोड ८१ लाख ७० हजार रुपैयाँ बेरुजु रहेको छ । रामग्राम नगरपालिका लेखा रकम परीक्षणको २.०७ प्रतिशत मात्र बेरुजु कायम गरी नवलपरासीमा चौथो स्थान बेरुजु कम ल्याउन नगरपालिका भएको हो। गत वर्ष १.८२ प्रतिशत थियो । रामग्रामको यसवर्ष रु दुई अर्ब १३ करोड २३ लाख ४६ हजारको लेखापरीक्षण गरिएकोमा चार करोड ४२ लाख २२ हजार रुपैयाँ बेरुजु देखिएको लेखा परिक्षण प्रतिबेदनमा उल्लेख छ।

यस्तै प्रतापपुर गाउँपालिका ३.७० प्रतिशत मात्र बेरुजु कायम गरी नवलपरासीमा पाँचौ स्थान बेरुजु कम ल्याउन पालिका भएको बनेको छ । गतवर्ष २.५९ प्रतिशत रहेकोमा प्रतापपुरको यसवर्ष एक अर्ब ४६ करोड ५४ लाख ४५ हजार रुपैयाँको लेखापरीक्षण गर्दा पाँच करोड ४१ लाख ७९ हजार बेरुजु देखिएको छ।

पाल्हिनन्दन गाउँपालिका कुल लेखा रकम परीक्षणको ३.९२ प्रतिशत मात्र बेरुजु कायम गरी नवलपरासीमा छैटौं स्थान बेरुजु कम ल्याउन पालिका बनेको छ। गत वर्ष ९.७९ प्रतिशत बेरुजु थियो। यसवर्ष एक अर्ब ८ करोड १६ लाख ६० हजार रुपैयाँको लेखापरीक्षण गर्दा पाल्हीनन्दनमा चार करोड २३ लाख ६८ हजार बेरुजु देखिएको छ । यता सरावल गाउँपालिकामा सबैभन्दा कम बेरुजु आएको छ। पश्चिम नवलपरासीको सरावल गाउँपालिका पहिलो बेरुजु कम गर्ने पालिका बनेको छ। सरावल गाउँपालिकाको कुल लेखा परीक्षण रकम १ अर्ब २८ करोड, ९० लाख, ६८ हजार मध्ये १ करोड ९० लाख ३३ हजार बेरुजु कायम गरेको छ।

गत वर्ष जिल्लामा सबैभन्दा कम बेरुजु हुने स्थानीय तहमध्ये सरावल दोस्रो नम्बरमा थियो। महालेखा परीक्षकको ६१औं प्रतिवेदनका अनुसार गत वर्ष सरावल गाउँपालिकाको बेरुजु १.११ प्रतिशत थियो। गत वर्ष सरावलको रु एक अर्ब २९ करोड ५० लाख ३९ हजारको लेखापरीक्षण गर्दा एक करोड ४३ लाख ३३ हजार ३०० रुपैयाँ बेरुजु रहेको थियो।

सरावल गाउँपालिका बेरुजु रकममा उल्लेख्य सुधार गर्न सफल हुनुमा जनप्रतिनिधि र कर्मचारीको सुशासन प्रतिको प्रतिबद्धता नै प्रमुख सूत्र रहेको गाउँपालिका अध्यक्ष सुखाडीप्रसाद चौधरीले जानकारी दिए। कानुनको परिधिमा रही कार्य सम्पादन गर्दा नवलपरासीमा पहिलो बेरुजु कम गर्ने पालिका बनेको भन्दै प्रमुख प्रशासकीय अधिकृत मिश्राले योजनाका काम समयमै सुरु गरिएको जानकारी दिए।

# ट्रस्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारणसभा




बुटवल। ट्रस्ट माइक्रो इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ। आर्थिक वर्ष २०८०/८१ का लागि आयोजना गरिएको उक्त कार्यक्रम बुटवलमा सम्पन्न भएको हो।

कार्यक्रममा लुम्बिनी प्रदेश प्रमुख तथा नेपाल बिमा प्राधिकरणकी प्रतिनिधि जमुना अर्याल (आचार्य) साथै, विशेष अतिथिमा बुटवलका वरिष्ठ प्रहरी नायब निरीक्षक श्री राजकुमार चापागाईंको सहभागी रहेको थियो।

अध्यक्ष जगतबहादुर पोखरेलले मन्तव्य दिँदै कम्पनीको आर्थिक प्रगति, आगामी योजनाहरू तथा ग्राहक सेवामा सुधारका लागि लिइएका रणनीतिहरू प्रस्तुत गरेका थिए। कम्पनीका प्रमुख कार्यकारी अधिकृत उज्ज्वल ढुङ्गानाले बिमा पहुँचलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्ने उद्देश्य र देशभर अझै नयाँ शाखाहरू विस्तार गर्दै कम्पनीको व्यापार र व्यवसायलाई बढाउने योजना प्रस्तुत गरेका थिए।

कार्यक्रमा लुम्बिनी प्रदेश प्रमुख जमुना अर्याल (आचार्य), ट्रस्ट माइक्रो इन्स्योरेन्स लिमिटेडका अध्यक्ष जगतबहादुर पोखरेल र वरिष्ठ प्रहरी नायब निरीक्षक श्री राजकुमार चापागाईंले संयुक्त रूपमा हरियाली यातायात प्रा.लि. (बुटवल), मेच्यधाम यातायात प्रा.लि. (मणिग्राम), र सत्यवती यातायात प्रा.लि. (देविनगर) लाई १०० थान रिफ्लेक्टिभ ज्याकेट वितरण गरेका थिए।

उक्त कार्यक्रममा शेयरधनीहरू, कम्पनीका विभिन्न शाखा प्रमुखहरू, तथा कर्मचारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमले संस्थाको पारदर्शिता, व्यावसायिक प्रगति तथा सामाजिक उत्तरदायित्वमा प्रतिबद्धता पुनः पुष्टि गरेको छ।

ट्रस्ट माइक्रो इन्स्योरेन्स लिमिटेडले देशभर उत्कृष्ट बीमा सेवा प्रदान गर्दै आइरहेको र आगामी दिनहरूमा बिमित वर्गलाई अझ सशक्त सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

# बाँकेमा २२ आगलागीका घटना



नेपालगञ्ज। बैशाखमा जिल्लाका विभिन्न २२ स्थानमा आगलागीका घटना भएका छन् । बारुणयन्त्र नियन्त्रण शाखा, नेपालगञ्जले दिएको जानकारी अनुसार सबैभन्दा बढी १६ वटा घटना विद्युत् सर्ट हुँदा भएका हुन् ।

नेपालगञ्जस्थित भेरी अस्पतालको मेडिकल स्टोरमा भएको आगलागी सबैभन्दा ठूलो घटना हो। सो आगलागीबाट रु एक करोड बराबरको औषधिजन्य सामग्री जलेर क्षति भएको अस्पताल विकास समितिका सदस्य डा.डक्ट धितालले जानकारी दिए।

बारुण नियन्त्रण शाखाका इञ्चार्ज भैनबहादुर खड्काले डुडुवा गाउँपालिकामा दुई, जानकी गाउँपालिकामा दुई, राप्तीसोनारी गाउँपालिकामा एक र कोहलपुर नगरपालिकामा एक आगलागीका घटना भएका जानकारी दिँदै यी जिल्लामा भएका ठूला घटना रहेका उल्लेख गरे। उनले विद्युत् अनियमितताका कारण अधिकांश ठाउँमा आगलागीका घटना भएका उल्लेख गर्दै मानवीय क्षति भने नभएको बताए।

पर्याप्त मात्रामा वर्षा नहुनु, सुख्खा बढ्नुलगायत कारणले आगलागीको जोखिम बढेको भन्दै इञ्चार्ज खड्काले घटनाको खबर हुनासाथ दमकल घटनास्थलतर्फ पुग्ने गरेकाले मानवीय क्षति नभएको दाबी गरे।

उनले नेपालगञ्जमा लागेका आगलागीमध्ये दोस्रो ठूलो क्षति भएको घटना रुचिवैश्यको भेरी कर्णाली सप्लायर्सको रहेको उल्लेख गरे । नेपालगञ्ज-२२ पुरैनामा भएको उक्त आगलगीमा करिब रु ५० लाख बराबरको सिरक तथा डसना जलेर नष्ट भएको थियो । सो आगलागी नियन्त्रणमा ल्याउन करिब पाँच घण्टा लागेको बारुणयन्त्रका इन्चार्ज खड्काले जानकारी दिए।

बैशाखमा मात्रै भएका विभिन्न आगलागीका घटनामा आगो नियन्त्रणमा ल्याउन एक घण्टा ४५ मिनेटदेखि पाँच घण्टासम्म समय लागेको उनले बताए। कार्यालयले पानी भरेर तीन बारुणयन्त्र तयारी अवस्थामा राखेको जनाउँदै उहाँले एउटा फायर बाइकसमेत तयारी अवस्थामा रहेको बताए।

उनले कतिपय आगलागी गहुँबाली र उखुबालीमा भएको जानकारी दिँदै आगलागीका घटना हुन नदिन सबै सचेत हुनुपर्ने भन्दै भइहाले सजगता अपनाउन स्थानीयलाई आग्रह गरे।

# खयरडाँडा क्षेत्रमा तेश्रो चरणको उत्खनन्



देवदह । रुपन्देहीको देवदह नगरपालिका-९ स्थित खयरडाँडा क्षेत्रमा तेश्रो चरणको उत्खनन् कार्य सुरु भएको छ। ऐतिहासिक दरबार क्षेत्रको तेश्रो पटक उत्खनन् कार्य सुरु गरिएको हो।

देवदह नगरपालिकाको आर्थिक सहयोग र लुम्बिनी विकास कोष, पुरातत्व विभागको सहकार्यमा उत्खनन् कार्य सुरु भएको हो । अघिल्लो वर्ष दरबार क्षेत्र खयरडाँडामा गरिएको उत्खननबाट ५ मिटर गहिरो प्राचीन इनार, माटाका भाडा, पर्खाल, बन्चरो, कौडा जस्ता देखिने पुरातात्विक वस्तुहरु भेटिएको लुम्बिनी विकास कोषका वरिष्ठ पुरातत्वविद् हिमाल उप्रेतीले जानकारी दिए।

यो पटक सम्भावित दरवारको भग्नावशेष क्षेत्रको उत्खनन् गरिने उनले जानकारी दिए । उत्खनन् कार्य ४५ सम्म सञ्चालन हुने उप्रेतीले जानकारी दिए । देवदह नगरपालिकाको आयोजना र लुम्बिनी विकास कोषका वरिष्ठ पुरातत्व अधिकृत हिमाल उप्रेतीको नेतृत्वमा ४५ दिन सम्म गरिने उत्खननमा १० जनाको टोली सहभागि हुनेछन्। उत्खनन् कार्यको सुभारम्भ गर्दै देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले देवदह नगरपालिकाले आफ्नै बजेटबाट देवदह क्षेत्रमा रहेका ऐतिहासिक स्थलहरुको उत्खनन कार्य गर्ने र यसको संरक्षण पनि गरिरहेको बताए।

उनले बुद्धनगर सामुदायिक वन क्षेत्रमा ऐतिहासिक खयरडाँडा क्षेत्र रहेकोले यसको संरक्षण गर्ने दायित्व सामुदायिक वन र वडावासीको रहने उल्लेख गरे । नगरप्रमुख खरेलले फागुन महिनामै उत्खनन् कार्य सुरु गर्ने योजना रहे पनि बजेट निकासामा समस्या भएकाले ढिलो गरी शुरु गरिएको जानककारी दिए।

कार्यक्रममा बोल्दै पुरातत्व अधिकृत हिमाल उप्रेतीले यो पटकको उत्खनन्मा खयरडाँडा क्षेत्रमा भेटिएका इनार, पर्खाललगायतका संरचनाहरु कुन उद्देश्य र प्रयोजनको लागि निर्माण भएका हुन्, त्यसको अध्ययन अनुसन्धान गरिने बताए। उनले गतवर्ष गरिएको उत्खनन्मा भेटिएका भग्नावशेषहरुको थप गहिराइसम्म पुग्ने जनाए।

उप्रेतीले देवदहको भवानीपुर, बैरीमाई, कन्यामाई लगायत क्षेत्रमा भेटिएका ईटा र खयरडाँडामा भेटिएका ईट्टामा समानता देखिएकाले यि क्षेत्रको सम्बन्ध रहन सक्ने बताए। उनले गत वर्ष भेटिएका सामग्री परीक्षण नै रहेको जानकारी दिए । उत्खनन् शुभारम्भ कार्यक्रममा देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रे, देवदह-९, का वडाअध्यक्ष मोहनबहादुर जिसी, कार्यपालिका सदस्य लक्ष्मी विक, सामुदायिक वनका पदाधिकारी, स्थानीयवासीहरुको सहभागिता रहेको थियो।

**लुम्बिनीका...**

तराईका मुख्य जिल्लामध्ये रहेका दाङ र रुपन्देहीसहित अन्य जिल्लाहरुमा समान्य घटना दर्ता संख्या रहेका छन्।

कपिलवस्तुमा गत आव २०८० /०८१ मा १ वटा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्म ३ गरी ४ वटा, रुकुम पूर्वमा गत आव २०८० /०८१ मा २ वटा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्म १ वटा गरी ३ वटा घटना दर्ता भएका छन् भने बाँकेमा गत आव २०८० /०८१ मा १ वटा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्म २ वटा गरि ३ वटा घटना दर्ता भएको प्रदेश प्रहरी कार्यालय दाङले जनाएको छ।

यता पाल्लामा गत आव २०८० /०८१ मा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्ममा १/१ गरि २ घटना दर्ता भएका छन् भने यो बर्दियामा चालु आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्म २ वटा घटना दर्ता भएका छन्।

यस्तै गुल्मीमा पनि चालु आबको आर्थिक वर्ष २०८१/०८२ बैशाख सम्म १ वटा मात्रै घटना छ भने रोल्पामा गत आव २०८० /०८१ मा १ वटा घटना दर्ता भएका छन्।

यता नवलपरासी, अर्घाखाँची र प्यूठान जिल्लामा आव २०८० /०८१ मा र आर्थिक वर्ष २०८१/०८२ बैशाखसम्मको अवस्थामा जिल्ला प्रहरी कार्यालयमा कुनै घटना दर्ता नभएको प्रहरीले जनाएको छ। साइवर अपराधसम्बन्धी जिल्लागत मुद्दाका पीडकहरुलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा सम्बन्धित जिल्ला अदातलबाट सजाय फैसला भइ सजाय काटिरहेको प्रहरीले जनाएको छ।

## रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश नेपाल

सूचना नं.-८९

# सहकारी संस्था खारेजी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०२/०२

रुरुक्षेत्र गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ८८ (१) बमोजिम आवश्यक प्रक्रिया पुरा गरी यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका तपसिल बमोजिमका सहकारी संस्थाहरु विघटन भई दर्ता खारेजीको लागि यस कार्यालयमा निवेदन प्राप्त भएकोले उपरोक्त सहकारी संस्थासँग कोहि कसैको लेनदेन बाँकी रहेको भए यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतिस) दिनभित्र सम्बन्धित सहकारी संस्था वा यस कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन अनुरोध छ। तोकिएको समयावधिभित्र सम्पर्कमा नआएमा कानून बमोजिम खारेजीको प्रक्रियामा लगिने बेहोरा समेत जानकारी गराइन्छ।

**तपसिलः**

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं., मिति | अवस्था |
|---|---|---|---|---|
| १ | श्री लाङ्घाली कफी सहकारी संस्था लि . | रुरुक्षेत्र-२, ग्वादी (साबिक ग्वादी गा.वि.स.-१) | ६३/०६९/७० | निष्क्रिय |
| २ | श्री भंगेर भञ्ज्याङ्ग कफी सहकारी संस्था लि. | रुरुक्षेत्र-६, रिमुवा (साबिक रिमुवा गा.वि.स.-२) | ३७०/०६९/७० | निष्क्रिय |
| ३ | श्री लामाखर्क दुग्ध उत्पादन सहकारी संस्था लि. | रुरुक्षेत्र-४, बलेटक्सार (साबिक बलेटक्सार गा.वि.स.-८) | ४७/६७/६८ | निष्क्रिय |
| ४ | कामधेनु अदुवा उत्पादक सहकारी संस्था लि. | रुरुक्षेत्र-५, बम्घा (साबिक बम्घा गा.वि.स.-८) | ४००/०६९/७० | निष्क्रिय |
| ५ | श्री थोर्गेली अदुवा उत्पादक सहकारी संस्था लि | रुरुक्षेत्र-३, थानपति (साबिक थानपति गा.वि.स.-७) | ३८०/०६९/७० | निष्क्रिय |
| ६ | नवजागृती कृषि सहकारी संस्था लि. | रुरुक्षेत्र-३, थानपति (साबिक थानपति गा.वि.स.-४) | ४९/०६७/६८ | निष्क्रिय |
| ७ | ग्वादी अदुवा उत्पादक सहकारी संस्था लि. | रुरुक्षेत्र-२, ग्वादी (साबिक ग्वादी गा.वि.स.-२) | ४०३/०६९/७० | निष्क्रिय |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ जेठ ०२, गते शुक्रबार
Friday May. 16, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी

# तिलोत्तमामा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न




तिलोत्तमा । सुरक्षित यात्रा नेपालको आयोजनामा रुपन्देहीको तिलोत्तमा नगरपालिकाको मणिग्राममा बढ्दो सवारी दुर्घटना न्यूनीकरण एवं रोकथामको लागि सचेतना कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम सुरक्षित यात्रा नेपालको आयोजना तिलोत्तमा नगरपालिका र जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीको सहकार्यमा एवं नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, बुटवलको समन्वयमा सम्पन्न भएको छ।

बिहीबार रुपन्देहीको तिलोत्तमा नगरपालिकाको शंकरपुर चोकदेखि र्‍यालीसहित मणिग्राम चोकमा पुगेर विविध ट्राफिक नियमसम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रदर्शन गरिएको थियो।

जनचेतनामूलक कार्यक्रममा दुर्घटनापश्चात् गरिने ट्राफिक उद्धार तथा व्यवस्थापनसम्बन्धी सडक नाटक ( डेमो ) प्रस्तुत, ट्राफिक सचेतना सम्बन्धि गीत र नृत्य प्रस्तुति, जेब्रा क्रसिङको सही प्रयोगसम्बन्धी अभ्यासलगायतको प्रस्तुति देखाइएको थियो।

कार्यक्रममा तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँण, नेपाल प्रहरी लुम्बिनी प्रदेश प्रमुख (डीआइजी) राजेन्द्रप्रसाद भट्ट, रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी अयोध्याप्रसाद भण्डारी, तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याल,नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, बुटवलका प्रमुख प्रहरी उपरीक्षक मित्र बन्धु शर्मा, जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक प्रदिपबहादुर क्षेत्री, सशस्त्र प्रहरी बल नेपाल नं. २७ हेड क्वाटर रुपन्देहीका सशस्त्र प्रहरी उपरीक्षक मेघराज जोसी, इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक इन्द्र रानालगायत यातायातसँग सम्बन्धित संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, जनप्रतिनिधि, अन्य संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, पत्रकार, सुरक्षाकर्मी र स्थानीयहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि समेत रहेका तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँणले दिन प्रतिदिन सवारी दुर्घटना बढिरहेको र यसको समाधान र रोकथामको निम्ती सम्पूर्ण पक्षले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्ने धारणा राखेका थिए। साथै उनले सुरक्षित यात्रा नेपालले गरेको यस प्रकारको कार्यक्रमले दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने समेत बताएका थिए।

कार्यक्रमा नेपाल प्रहरी लुम्बिनी प्रदेश प्रमुख (डिआइजी) राजेन्द्रप्रसाद भट्ट, रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी अयोध्याप्रसाद भण्डारी, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, बुटवलका प्रमुख प्रहरी उपरिक्षक मित्र बन्धु शर्मा लगायतले ट्राफिक सचेतना सम्बन्धी मन्तव्य राखेका थिए।

सुरक्षित यात्रा नेपालले सवारी दुर्घटना न्यूनीकरण एवं रोकथामको लागि विभिन्न संघ संस्था एवं कार्यालयहरुको सहयोग र समन्वयमा काम गर्दै आइरहेको र यसले सडक दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको सुरक्षित यात्रा नेपालको अध्यक्ष कृष्णप्रसाद बेल्वासेले बताएका थिए ।

सुरक्षित यात्रा नेपालको अध्यक्ष कृष्णप्रसाद बेल्वासेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देहीको प्रमुख रञ्जु केसी र स्वागत मन्तव्य कार्यक्रम संयोजक दिपक ढकालको रहेको थियो।

# जगदगुरु शंकराचार्यद्वारा कामाख्या मन्दिर दर्शन




बुटवल। भारतको उर्ध्वाम्नाय काशी सुमेरु पीठाधीस्वर जगतगुरु शंकराचार्य अनन्तश्री विभूषित स्वामी नरेन्द्रानन्द सरस्वती जी महाराजले पाल्पाको वसन्तपुरस्थित कामाख्या देबी मन्दिर दर्शन र पूजा आराधना गरेका छन् ।

नेपालका धार्मिक स्थलहरूको भ्रमणको क्रममा शंकराचार्यले बिहीबार कामाख्या मन्दिर दर्शन गरेका हुन। मन्दिर दर्शनपछि शंकराचार्यले कामाख्या देवीको दर्शनले जीवनमा शक्ति आर्जन हुने र जीवनमा आइपर्ने संकट मोचन हुने धार्मिक विश्वास रहेको बताए।

कामाख्या देबीको उपासनाले मनोकामना पूरा हुने शंकराचार्यको भनाइ थियो। शंकराचार्यले बसन्तपुर निकै सुन्दर स्वच्छ, शान्त र शितल ठाउँ भएको उल्लेख गर्दै हिन्दू धर्मावलम्बीहरू एक पटक पुग्नै पर्ने बताए।

सो अवसरमा धर्मगुरु व्यसाचार्य किशोर गौतमले शंकराचार्य भारतका चार शंकाराचार्य मध्ये एक र कामाख्या देबी का ठूलो भक्त भएको बताए। चार दिने नेपाल भ्रमणको क्रममा पहिलो भ्रमण कामाख्यादेबी मन्दिर दर्शन गरेको जानकारी दिए।

शंकराचार्यको टोलीलाई केबलकारका लगानीकर्ता लक्ष्मण गौतम, तेजप्रसाद सुनार, अप्रेशन म्यानेजर डी एन कायस्थ सैंजु, म्यानेजर प्रज्ज्वल घिमिरे, कामाख्या मन्दिरका मूल पुरोहित सुरेश पौडेललगायतले स्वागत गरेका थिए।

# रैनादेवी छहरा गाउँपालिका पूर्णखोप सुनिश्चितता घोषणा



**कृष्ण पोखेल**
*पाल्पा*

पाल्पाको रैनादेवी छहरा गाउँपालिकालाई पूर्ण खोप दिगोपन सुनिश्चितता गाउँपालिका घोषणा गरिएको छ । पूर्ण खोप दिगोपन सुनिश्चितता पालिका घोषणा हुनको लागि पालिकामा जन्मिएका १५ महिना मुनिका सबै बालबालिकाले १३ वटा सरुवा रोगहरुको खोप अनिवार्य रुपमा लगाएको हुनु पर्दछ। रैनादेवी छहरा गाउँपालिकाका १५ महिना मुनिका सबै बालबालिकाले १३ वटा सरुवा रोगहरुको खोप अनिवार्य पाएको सुनिश्चितता भएपछि पालिकालाई पूर्ण खोप दिगोपन सुनिश्चितता पालिका घोषणा भएको हो।

सरकारले बालबालिकाको लागि १३ वटा सरुवा रोगहरु क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टंकार, हेपाटाइटिस वि, हेमोफिलस, इन्फुल्जाबी, पोलियो, जादुरा, रुवेला, न्यूनोमिया, मेनिन्जाईटिस, जापानिज इन्सेफलाईटिस, रोटा भाईरस तथा गर्भवती महिलाको लागि टि.डि. खोप निःशुल्क रुपमाउपलब्ध गराउँदै आएको छ।

जिल्ला समन्वय समिति प्रमुख तथा जिल्ला खोप समन्वय समितिका अध्यक्ष टंकनाथ खनाल, जिल्ला समन्वय समितिका उप-प्रमुख काशिका गैरे, सदस्य सचिव तथा स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेललगायतले अध्यक्ष रुक्मागंत भटराईलाई प्रमाण पत्रप्रदान गरेर रैनादेवी छहरा गाउँपालिकालाई पूर्णखोप दिगोपना सुनिश्चितता गाउँपालिका घोषणा गरेका हुन्।

घोषणा कार्यक्रममा पूर्णखोपको विषयमा प्रतिवेदन प्रस्तुत गर्दै पालिका स्वास्थ्य शाखा प्रमुख जीवनबहादुर रानाले पालिकाको ८ वटै वडाका प्रत्येक घरधुरीमा घरदैलो कार्यक्रम गरी खोप लगाएको एकिन गरिएको, बैशाख १५ भित्र सबै वडाहरुलाई पूर्णखोप युक्त वडा घोषणा गरिएको, कहिकतैबाट कोही पनि खोप कार्यक्रमबाट नछुटेको सुनिश्चित भएपछि पूर्णखोपयुक्त पालिका घोषणा कार्यक्रमगरिएको जानकारी दिए।

पूर्णखोप सुनिश्चितता घोषणा कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पूर्णखोप सुनिश्चिता तथा दिगोपन निरन्तर कार्यत्रमले कुनै पनि बालवालिका कुनै पनि किसिमको खोप अभियानबाट नछुट्ने र बालमृत्युदरमा कमि आउने, भोलिका दिनमा स्वस्थ नेपालको निर्माणमा सहयोग पुग्ने बताए।

गाउँपालिका अध्यक्ष रुक्मांगत भटराईले स्वास्थ्य शाखाको अगुवाइमा महिला स्वास्थ्य स्वयम्सेविका, वडा स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य सेवा केन्द्र, जनप्रतिनिधि, स्वास्थ्य कर्मचारीहरुको पूर्ण खटाईबाट नै रैनादेवी छहरा गाउँपालिकालाई पूर्णखोप सुनिश्चिता तथा दिगोपन गाउँपालिका घोषणा गर्ने सफल भएको बताए।

गाउँगाउँमा जनतालाई गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा पुर्‍याउन बर्थिङ सेन्टर बढाउँदै लगिएको, ल्याव तथा एक्सरे सेवाहरु थपिएको, विभिन्न स्वास्थ्यचौकीमा एम्बुलेन्स सेवा सञ्चालन गरिएको पालिका अध्यक्ष भट्टराईले बताए । कार्यक्रममा विभिन्न वडामा क्रियासिल ७२ जना महिला स्वयम्सेविकाहरुलाई सम्मान तथा ३ जना महिला स्वयम्सेविकालाई नगद ३० हजारसहित बिदाई गरिएको थियो । कार्यक्रममा योगदान गर्ने स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई पनि सम्मान गरिएको थियो । घोषणा कार्यक्रमा पालिका अध्यक्ष रुक्मांगत भट्टराईको अध्यक्षता वडा नम्बर ३ का वडाध्यक्ष प्रदिप पौडेलको स्वागत, स्वास्थ्य शाखा प्रमुख जीवनबहादुर रानाको सञचालनमा भएको थियो।

# स्याङ्जाका स्थानीय तहको १६ करोड बेरूजु

**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाका स्थानीय तहको बेरुजु १६ करोडभन्दा बढिरहेको पाइएको छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनअनुसार जिल्लाका ११ स्थानीय तहको १६ करोड २० लाख ७ हजार रुपैयाँ बेरुजु रहेको पाइएको हो।

आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्दा रकमको आधारमा जिल्लामा सबैभन्दा बढी बेरुजु चापाकोट नगरपालिकाको छ भने सबैभन्दा कम विरुवा गाउँपालिकाको छ। चापाकोटको ३ करोड ११ लाख ४२ हजार रुपैयाँ छ भने बिरुवाको १३ लाख ८३ हजार बेरुजु छ।

जिल्लाका ५ नगरपालिकातर्फ पुतलीबजारको २ अर्ब ३९ करोड ४७ लाख ८२ हजार लेखापरीक्षण हुँदा १ करोड ४५ लाख ३३ हजार बेरुजु छ भने वालिङको २ अर्ब २८ करोड ७६ लाख ७७ हजारको लेखापरीक्षण गर्दा १ दशमलब १ प्रतिशतले हुने २ करोड ३० लाख ३० हजार बेरुजु देखिएको महालेखपरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ।

गल्याङको १ अर्ब ७९ करोड ५३ लाख ४४ हजार लेखापरीक्षण गर्दा १ करोड १८ लाख २१ हजार बेरुजु देखिदा भीरकोटको १ अर्ब ५६ करोड ४६ लाख ७ हजारको लेखापरीक्षण गर्दा १ करोड २४ लाख ८८ हजार बेरुजु देखिन्छ भने चापाकोटको १ अर्ब ५२ करोड ४२ लाख ९८ हजारको लेखापरीक्षण हुँदा ३ करोड ११ लाख ४२ हजार बेरुजु देखिएको छ।

स्याङ्जाका ६ गाउँपालिकातर्फ कालीगण्डकीको १ अर्ब ३१ करोड ५७ लाख ३१ हजारलेखा परीक्षण गर्दा ३१ लाख ६७ हजार बेरुजु देखिन्छ भने आँधीखोलाको १ अर्ब २१ करोड ८१ लाख ७९ हजारको लेखापरीक्षण गर्दा ९४ लाख ८० हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ।

बिरुवाको १ अर्ब १३ करोड ७० लाखको लेखापरीक्षणमा १३ लाख ८३ हजार बेरुजु देखिदा हरिनासको १ अर्ब ३ करोड ८५ हजार ९८ लाखको लेखापरीक्षण हुँदा ४ करोड ८१ लाख १२ हजार बेरुजु देखिन्छ। अर्जुनचौपारीको ९९ करोड ३५ लाख २० हजारको लेखापरीक्षण गर्दा ३६ लाख ५५ लाख बेरुजु देखिन्छ भने फेदीखोलाको ९३ करोड १५ लाख ९४ हजार लेखा परीक्षण हुँदा ३१ लाख ६७ हजार बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ।

गाउँपालिकातर्फ सबैभन्दा बढी बेरुजु हरिनासको देखिन्छ भने कम बिरुवाको रहेको छ। सार्वजनिक प्रतिवेदनमा उल्लेख भए अनुसार प्रतिशतको आधारमा सबैभन्दा बढी बेरुजु हरिनासको ४ दशमलब ६३ प्रतिशत देखिएको छ भने सबैभन्दा कम बिरुवाको शून्य दशमलब १२ प्रतिशत मात्रै पाइन्छ। सथानीय तहको कुल बजेटको समग्रमा भ्ण्डै १ प्रतिशत बेरुजु देखिएको छ।

बेरुजु देखिनुमा स्थानीय तहले पूर्वतयारी विना योजना छनौट गरी बजेट विनियोजन गरेको, आयोजनाको प्राथमिकीकरण नगरी आयोजना बैंक बनाउने गरेको, कानुनले तोकेको सीमा उल्लंघन गर्दै रकमान्तर गरेको देखिन्छ। सरकारले निर्देशन गरेका नीति, नियम र कानूनको पूर्ण पालना गरी सुधारका लागि पालिकालाई सार्वजनिक प्रतिवेदनले निर्देश गरेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

चट्याङ्गबाट बचौं र बचाऔं
आकाशमा बिजुली चम्कदा र गडयाङ्गगुङ्ग हुँदा
-घरभित्रै बसौं।
-रुख वा बिजुलीको पोलमुनि नबसौं।
-पौडी खेल्ने, डुंगा चलाउने तथा खेतबारीमा काम नगरौं।
-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं।
-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं।
-झ्याल, भ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं
चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com